# झिमरुक गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-२ संख्याः-२ मितिः-२०७६/०३/१४


## भाग-१
## झिमरुक गाउँपालिका

## झिमरुक गाउँपालिकाको विनियोजन ऐन , २०७६

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम झिमरुक गाउँपालिकाले तल लेखित बमोजिमको झिमरुक गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७६, सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

झिमरुक गाउँपालिका, प्यूठानको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

**<u>प्रस्तावना :</u>** झिमरुक गाउँपालिका, प्यूठानको आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम झिमरुक गाउँपालिका, प्यूठानको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "झिमरुक गाउँपालिका, प्यूठानको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साउन १ गते देखि लागु हुने छ ।

२. **<u>आर्थिक वर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>** (१)आर्थिक वर्ष २०७६/७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४७,१४,२४,०००.०० (अक्षेरुपी रुपैयाँ सत्तचालीस करोड चौध लाख चौबिस हजार मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३ . **<u>विनियोजन :</u>** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७को निमित्त झिमरुक गाउँपालिका, प्यूठानको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्ने छ ।

## अनुसूची १
## (दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिका | १८६३७३४ | ६१३९२१ | ० | २४७७६५५ |
| २ | | वडा समिति | १०१६१ | ३५४०२ | ० | ४५५६३ |
| ३ | | बिषयगत शाखा | १४९३०३५ | २८७९२ | ० | १७८०९५५ |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | जम्मा | ३४५८३७९ | १२५५८६ | ० | ४७१४२४ |

प्रमाणिकरण मिति २०७६।०३।१० गते

आज्ञाले,

कमल प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत